# भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

# गिट्टी लिलाम विक्रीको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२० गते

यस भीमफेदी गाउँपालिकाको स्वामित्वमा रहेको तपसिल बमोजिमको परिमाणको गिट्टी जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सूचना नं. | बोलपत्रको नाम | परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम रु. (मु.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| BRMMK/AU-01/2080/81 | गिट्टी लिलाम विक्री सम्बन्धी | ११५४९३.६७ | १०,३९,४४३.०३ | कबोल अङ्कको १० प्रतिशतले हुन आउने रकम | २,०००/- |

**शर्तहरुः**

१. ईच्छुक बोलपत्रदाताहरुले यस गाउँपालिकाको राजस्व इकाईबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. ईच्छुक बोलपत्रदाताले २०८१/०२/०९ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.२०००/- (अक्षरेपी दुई हजार रुपैया मात्र) भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको स्थानीय तह आन्तरिक राजश्व खाता नं. १६७CA५७५०३०७७००१ मा बुझाई सक्कल राजस्व दाखिला भौचर/ई-भौचरसहित बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र /ईजाजत पत्रको नवीकरण प्रमाणपत्र स्थायी लेखा तथा मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व.२०७९/८० सम्मको आयकर चुक्ता प्रमाणपत्र वा ईच्छुक व्यक्ति भएमा स्थायी लेखा नं. प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र प्रकाशित भएको मितिले २२ औं दिनको दिउँसो १२:००बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु २२ औं दिनको दिउँसो २:००बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने गिट्टी हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम यस कार्यालयको एन.आई.सी. एशिया बैंक लि. भीमफेदी शाखामा रहेको धरौटी खाता नं. G7CA५०३०७२५२४००१ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ७५ दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (Bid Bond) पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र फारम भर्दा तोकिएको फारम बमोजिम भर्नु पर्नेछ। बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**